बैठक नं.१४

आज मिति २०८०/१२/५ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ३:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | मित्रमणी खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

अनिल गहतराज - का. वा. वडाध्यक्ष - ५

**प्रस्ताव नं. १४.१**

मिति २०८०।११।२७ मा बसेको तेह्रौ बैठकको समीक्षा सम्बन्धमा ।

**निर्णय नं.१४.१**

- वडा नं.९ र १० को सरसफाईको जिम्मेवारी निजी क्षेत्रलाई दिने गरी निर्णय गरिएको ।
- लुम्बिनी बस टर्मिनल परिसरमा रहेको शपिङ्ग कम्प्लेक्सका सटरहरुको वहाल बन्दोबस्ती गर्ने गरी निर्णय लिइएको ।
- बुटवल - ५ हाटबजार स्थित शपिङ्ग कम्प्लेक्सको पहिलो तलामा रहेका १४ वटा सटरहरुको वहाल बन्दोबस्ती गर्ने गरी निर्णय लिइएको ।
- लालपूर्जा प्राप्तीका लागि र बुटवल-१० स्थित कालिका स्पोर्टर्स क्लबलाई जग्गा लिजमा प्राप्तीका लागि सिफारिस गरिएको ।
- बुटवल - ११ स्थित वी.पी.पुष्पलाल र सूर्य प्रसाद प्रधान स्मृति पार्कको पूर्वाधार निर्माण कार्य बहुवर्षीय आयोजनामा समावेश गरी कार्यान्वयन गर्नका लागि आवश्यक निर्णय लिइएको ।.
- करजागरण अभियान संचालन गर्ने गरी निर्णय लिइएको ।
- केही आवश्यक आयोजनाहरुका लागि शीर्षकान्तर एवं रकमान्तर गर्ने गरी निर्णय गरिएको ।
- बुटवल-१७ स्थित रानीगंजको सरकारी जग्गामा अनधिकृत होडिङ्ग बोर्ड राखेको, बुटवल-१४ स्थित कृष्णगंजमा गतवर्ष माटो उत्खनन गरिएको, बुटवल-१७ स्थित रानीगंजमा वानिया कन्स्ट्रक्सनद्वारा स्थापित क्रसर उद्योग र बुटवल -४ स्थित जेसिज चोकमा रहेको सार्वजनिक जग्गाको बारेमा स्थलगत अध्ययन गरी राय सुझाव दिने गरी कार्यदलहरु गठन गरिएको ।
- केही आयोजनाहरुको भेरिएशन आदेश स्वीकृत गरिएको ।
- असाधारण बिदा स्वीकृतिका लागि सिफारिस गर्ने गरी निर्णय लिइएको ।
- घरनक्शा अभिलेखीकरणका लागि निर्णय लिइएको ।
- केही आवश्यक आयोजनाहरुका लागि शीर्षकान्तर एवं रकमान्तर गर्ने गरी निर्णय लिइएको ।
- स्थानीय विकास कोष अर्न्तगत रहेका सदस्यहरुको म्याद थप गरिएको ।

**प्रस्ताव नं.१४.२**

बुटवल उपमहानगरपालिकाको मेलमिलाप केन्द्र संचालन सम्बन्धी कार्यविधि,२०८० स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णय नं.१४.२

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयले तयार गरी विधेयक समिति र विधायन समितिको संयुक्त बैठकमा समेत छलफल भई आजको बैठकमा प्रस्तुत हुन आएको बुटवल उपमहानगरपालिकाको मेलमिलाप केन्द्र संचालन सम्बन्धी कार्यविधि, २०८० माथि दफावार छलफल गरियो । छलफलमा उठेका विषयवस्तुहरुलाई समेत तत्तत् दफा उपदफाहरुमा समावेश गर्ने गरी उल्लेखित कार्यविधि बुटवल उपमहानगरपालिकाको लागि आवश्यक भएको हुँदा स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.१४.३

Signature Bridge बन्ने अवधिमा सवारी साधनको आवत जावतका लागि वैकल्पिक मार्गको खोजी गर्ने सम्बन्धमा ।

निर्णय नं.१४.३

यस बुटवल उपमहानगरपालिका स्थित तिनाउँ नदीमा नेपाल सरकार तथा विश्व बैंकको वित्तीय लगानीमा पूर्व-पश्चिम राजमार्गको बुटवल- गोरुसिंङ्गे - चन्द्रौटा सडक स्तरोन्नति आयोजना अर्न्तगत ४ लेनको पुल निर्माण गर्ने योजना रहेको । उक्त स्थानमा रहेको हालको पुल नभत्काई नयाँ पुल निर्माण सम्बन्धी काम संभव नहुने भएकोले मौजुदा पुल भत्काई नयाँ पुल बनाउने निर्णय भए बमोजिम मिति २०८०।१०।१० गतेका दिन बुटवल उपमहानगरपालिकाका प्रमुखज्यूको अध्यक्षतामा सरोकारवाला पक्षहरु सहितको सर्वपक्षीय बैठकबाट गठित कार्यदलबाट उल्लेखित आयोजना कार्यान्वयनका लागि प्रस्तुत हुन आएको वैकल्पिक मार्ग सहितको स्थलगत प्रतिवेदन आजको बैठकमा जानकारी भयो । प्रस्तुत प्रतिवेदन बमोजिम हुने गरी कार्यान्वयन प्रकिया अगाडि बढाउनका लागि सम्बन्धित निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १४.४

औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयसंगको सम्झौता नवीकरण सम्बन्धमा ।

निर्णय नं.१४.४

बुटवल उपमहानगरपालिका वडा नं.१० स्थित रामनगरमा आधुनिक पशुबधशाला निर्माण प्रयोजनका लागि नगरकार्यपालिकाको कार्यालय र औधोगिक क्षेत्र व्यवस्थापन कार्यालय रामनगर बुटवल बीच मिति २०७०।०८।३० मा सम्झौता भई २८.० अठ्ठाइस रोपनी जग्गा लिजमा लिई आधुनिक पशुबधशाला निर्माण समेत भएको छ । आधुनिक पशुबधशाला निर्माण गर्ने सिलसिलामा विगतमा सम्झौता भएको क्षेत्रफल भन्दा १०.८६ रोपनी जग्गा बढ्न गई ३८.८६ रोपनी जग्गा कायम हुन गएको हुँदा प्रवेश शुल्क तिरी जमिन बहाल कायम गर्ने गरी सम्झौताका लागि बुटवल औधोगिक क्षेत्र व्यवस्थापन

कार्यालय रामनगर बुटवलको प.सं.०८०/०८१ च.नं.२७६ मिति २०८०।९।१६ को प्राप्त पत्र आजको बैठकमा प्रस्तुत भई जानकारी भयो । प्राप्त पत्र बमोजिमको शुल्क बुझाई सम्झौता नवीकरण गर्न नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं.१४.५**

वडा नं.१७ र १८ को नदीजन्य पदार्थका लागि तयार भएको IEE प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।

**निर्णय नं. १४.५**

बुटवल उपमहानगरपालिका अन्तर्गत तिनाउँ खोलाको बगर वडा नं. १७ देखि वडा नं. १८ सम्मको घाटहरुमा नदीजन्य पदार्थ उत्खनन गरी बिक्री वितरण गर्ने प्रयोजनका लागि श्री युनिभर्सल इन्जिनियरिङ्ग कन्सल्टेन्ट एण्ड विल्डर्स, तिलोत्तमा, रुपन्देहीबाट प्रारम्भिक वातावरणीय परीक्षण गराइएकोमा सम्बन्धित परामर्शदाताहरुले पेश गरेको अध्ययन तथा प्रतिवेदन प्रस्तुत भई छलफल गरियो । राय सुझावहरु समेत समावेश भएको र IEE प्रतिवेदन आवश्यक भएको हुँदा परामर्शदाताबाट प्राप्त देहायको IEE को अन्तिम प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

१. वडा नं. १७ (तिनाउँ नदीको मगरघाट पुल देखि वडा नं.१८ को सिमाना सम्म) को घाटहरु - श्री युनिभर्सल इन्जिनियरिङ्ग कन्सलटेन्ट एण्ड विल्डर्स, तिलोत्तमा

२. वडा नं. १८ (तिनाउँ नदीको वडा नं.१८ को सिमाना देखि शुद्धोधन गाउँपालिका सिमाना सम्म) को घाटहरु - श्री युनिभर्सल इन्जिनियरिङ्ग कन्सल्टेन्ट एण्ड विल्डर्स, तिलोत्तमा

**प्रस्ताव नं.१४.६**

फोहोरमैला व्यवस्थापन सम्बन्धमा मिति २०८०।११।२९ मा सरोकारवालाहरुसंग भएको सम्झौता अनुमोदन सम्बन्धमा ।

**निर्णय नं.१४.६**

बुटवल उपमहानगरपालिका क्षेत्रभित्रबाट दैनिक रुपमा उत्पादन हुने फोहोरमैलालाई अस्थायी रुपमा व्यवस्थापन गरिदै आएको स्थानका स्थानीय बासिन्दाहरु र नगरकार्यपालिकाको कार्यालय बीच मिति २०८०।११।२९ मा फोहोरमैला व्यवस्थापन सम्बन्धमा भएको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१४.७.१ विविध ।**

**प्रस्ताव नं.१४.७.१**

योजना शीर्षकान्तर सम्बन्धमा ।

**निर्णय नं. १४.७.१**

बुटवल उपमहानगरपालिकाको चालु आ.व.२०८०/०८१ का लागि स्वीकृत वार्षिक नीति तथा कार्यक्रम अर्न्तगत खर्च शीर्षक ३११५३ क.सं. ९७८ मा वडास्तरीय कार्यक्रम तर्फ विद्युत पोल व्यवस्थापन तथा सडक बत्ती व्यवस्थापन वडा नं १० का लागि रु.१०,००,०००।- (अक्षरुपी रु.दश लाख मात्र) बजेट विनियोजन भएको र १० नं. वडा कार्यालयको च.नं. १०६० मिति २०८०/११/२७ गतेको पत्रानुसार विभिन्न कारणले देहाय बमोजिमको योजना शीर्षकान्तर गरिदिनु हुन भनी माग अनुरोध भई आएको हुँदा आगामी नगरसभाबाट अनुमोदन हुने गरी देहायको आयोजनाको लागि लागि देहाय बमोजिम हुने गरी शीर्षकान्तर एवं रकमान्तर गर्ने निर्णय गरियो ।

| क.स | योजनाको नाम र ठेगाना | विनियोजित बजेट रु. | शीर्षकान्तर/रकमान्तर गरिएको योजना | बजेट रु. | केफियत |
|---|---|---|---|---|---|
| १ | विद्युत पोल व्यवस्थापन तथा सडक बत्ती व्यवस्थापन वडा नं.१० | १०,००,०००।- | रामनगर दुर्गामन्दिर परिसरमा टोल विकास संस्थाको भवन निर्माण, वडा नं.१० | १०,००,०००।- | |

**प्रस्ताव नं. १४.७.२**

शीर्षकान्तर एवं रकमान्तर सम्बन्धमा ।

**निर्णय नं.१४.७.२**

बुटवल उपमहानगरपालिकाको चालु आ.व.२०८०/०८१ का लागि स्वीकृत वार्षिक कार्यक्रम अर्न्तगत पालिका, वडा नं.४, ५ र ६ को क्रमशः रु.१५,००,०००।०० (अक्षरमा रु.पन्ध्र लाख मात्र) रु.१०,००,०००।०० (अक्षरमा रु.दश लाख मात्र), रु.४,००,०००।०० (अक्षरमा रु.चार लाख मात्र), रु.१०,००,०००।०० (अक्षरमा रं दश लाख मात्र) बजेट रहेको र वडा नं. ७ को कार्यालयबाट वडास्तरीय योजनामा समावेश भएका वडा अध्यक्ष पहिचान शीर्षकमा विनियोजित गरिएको रु.८,३४०००।०० (अक्षरमा रु. आठ लाख चौतिस हजार मात्र) सीं.सी. क्यामराका लागि विनियोजित गरिएको र मिति २०८०।११।२७ को नगरकार्यपालिकाको बैठकको निर्णय नं.१३.१२.४ मा लुम्बिनी बसपार्क क्षेत्रमा आई.पी क्यामरा जडानका लागि रु.१०,००,०००।०० (अक्षरमा रु. दश लाख मात्र) विनियोजन भएकोमा उल्लेखित कार्यहरु एउटै प्रकृतिको भएको हुँदा कुल रकम रु. ५७,३४,०००।०० (अक्षरमा रु. सन्ताउन्न लाख चौतिस हजार मात्र) बाट आई.पी क्यामरा जडान व्यवस्थापनका लागि

टेण्डर प्रकिया मार्फत व्यवस्थापन गर्ने र सो विषय अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१४.७.३**

लालपूर्जा प्राप्तीको प्रकिया अगाडि बढाउन सिफारिस गर्ने सम्बन्धमा ।

**निर्णय नं.१४.७.३**

बुटवल उपमहानगरपालिका वडा नं.४, ११ र १२ मा अवस्थित देहाय बमोजिमका अव्यवस्थित बसोबासीहरुको जग्गा साविकको सुकुम्बासी आयोगबाट र आँकडा जग्गा नाप नक्शा तयार भैसकेको तर केही जग्गाको मात्र लालपूर्जा लिन बाँकी रहेको जग्गा राष्ट्रिय भुमि आयोगमा पुर्जा प्राप्तिका लागि वडामा निवेदन पेश गरी वडाबाट समेत सिफारिस भएका देहायका अव्यवस्थित बसोबासीहरुको लालपुर्जा प्राप्तिको प्रकृया अगाडि बढाउनका लागि राष्ट्रिय भुमि आयोग, जिल्ला समिति रुपन्देहीमा सिफारिस गर्ने निर्णय गरियो ।

| सि.न. | नाम | वडा नं. | सिट नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | चमेली बुढाथोकी | ४ | सा.५,हाल ६ को ०९८-१११९-०८ | सा.११०५,१०९७ हाल २० | १११.९५ ब.मी. | |
| २ | दिल बहादुर नेपाली | ११ | ९ ग | कि.नं.१४७ मध्येबाट | ०-२-० | अव्यवस्थित बसोबासी,मान बहादुर सार्कीको नाममा फिल्डबुक कायम रहेको आँकडा जग्गा मध्येबाट । |
| ३ | प्रेम रोका | १२ | सेमलार २ ब र २ य | कि.नं.११५<br>कि.नं.१६ | ०-०-११<br>०-१-४ | अव्यवस्थित बसोबासी, फिल्डबुकमा नाम खाली रहेको । |
| ४ | दल बहादुर खासु थापा | १२ | सेमलार २ ङ | १२३९ | ०-०-१९ | प्लट रजिष्टरमा नाम कायम |

**प्रस्ताव नं.१४.७.४**

सहयोग सम्बन्धमा ।

**निर्णय नं. १४.७.४**

विभिन्न मितिहरुमा विभिन्न व्यक्ति, संघसंस्था एवं कार्यालयहरुबाट सहयोगका लागि अनुरोध भई आएका मागपत्रहरु आजको बैठकबाट प्रस्तुत भई छलफल गरियो । पेश भए बमोजिम देहायका संस्थाहरुलाई देहाय बमोजिमको कार्यक्रम सहयोग उपलब्ध गराउन मनासिव देखिएकोले देहाय बमोजिम हुने गरी सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं. | व्यक्ति/संस्था | प्रयोजन | रकम | शीर्षक |
|---|---|---|---|---|
| १ | मणिमुकुन्द सेन उधान संरक्षण समिति बुटवल-२ फुलबारी | बा आमासंग सन्चो बिसन्चो कार्यक्रम केन्द्र निर्माण | रु.१० लाख | पुजिगत भैपरी |
| २ | नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवल, रुपन्देही । | ट्राफिक एवं पार्किङ्ग व्यवस्थापनका लागिआवश्यक सामग्री खरिद गरी उपलब्ध गराउने | रु. ५ लाख | चालु भैपरी |
| ३ | जीवन विज्ञान परिषद्र, लुम्बिनी प्रदेश बुटवल, रुपन्देही | “विराटचक्र विज्ञान” र “लुम्बिनी जागरण उत्सव” कार्यक्रममा नगरकार्यपालिकाको कार्यालयबाट जनप्रतिनिधि, कर्मचारी, संघसंस्था एवं शिक्षक समेतलाई सहभागी गराई कार्यक्रम संचालन गर्ने प्रयोजनका लागि | रु.५ लाख | सि.न. ७९ जनप्रतिनिधि कर्मचारी क्षमता विकास कार्यक्रम खर्च शीर्षक नं.२२५१२ |
| ४ | गरुडदल गण रामनगर बुटवल | नुवाकोटमा कर्णेल उजिरसिंह थापाको शालिक निर्माण प्रयोजन | रु. ४ लाख | पुजिगत भैपरी |
| ५ | पुष्पपथ बाटो निर्माण बुटवल - १३ | थप बजेट | रु. ३ लाख | पुजिगत भैपरी |
| ६ | मुजनिया सडक निर्माण सौराहा बुटवल १८ | थप बजेट | रु. ३ लाख | पुजिगत भैपरी |
| ७ | उपमहानगरपालिका कार्यालय परिसर भित्र | ब्याडमिन्टन कोट निर्माण थप बजेट | रु. १ लाख ५० हजार | पुजिगत भैपरी |
| ८ | रिपोर्टस क्लब नेपाल लुम्बिनी प्रदेश कार्यालय बुटवल | कार्यक्रम सहयोग | रु. ५० हजार | चालु भैपरी |

| | | | | |
|---|---|---|---|---|
| ९ | श्री जीपी कोइराला स्मृति प्रतिष्ठान बुटवल रुपन्देही | कार्यक्रम सहयोग | रु.५० हजार | चालु भैपरी |
| १० | युथ फर एक्सन बुटवल रुपन्देही | कार्यक्रम सहयोग | रु. ३० हजार | चालु भैपरी |
| ११ | सरिता अभिलेखी बुटवल - २ | सहयोग | रु. २५ हजार | चालु भैपरी |
| १२ | समयदेवी युवा क्लब बुटवल-१६ | खेलकुद सामग्री खरिद | रु. २० हजार | चालु भैपरी |

उल्लेखित आयोजनाहरुका लागि मात्र सम्झौताको म्याद २०८० चैत्र २० गतेसम्म कायम गर्ने ।

**प्रस्ताव नं. १४.७.५**

कार्यदल गठन सम्बन्धमा ।

**निर्णय नं. १४.७.५**

यस बुटवल उपमहानगरपालिका क्षेत्रभित्रबाट उत्पादित फोहोरमैला व्यवस्थापनका लागि हालसम्म स्थायी फोहोरमैला व्यवस्थापन केन्द्रको व्यवस्था हुन नसकेको । विगत लामो समय देखि नै वडा नं.११ स्थित मजुवा, प्रगतिनगर र हात्तीसुढ लगायतका स्थानहरुमा व्यवस्थापन गरिदै आएको स्थानहरुमा पनि समय समयमा स्थानीयबासीहरुबाट अवरोध भइरहने गरेको हुँदा नगर क्षेत्रभित्रका अन्य संभावित क्षेत्रहरुमा फोहोर व्यवस्थापन प्रशोधन केन्द्र निर्माणका लागि स्थलगत अध्ययन एवं पहिचान गर्ने र सुझाव सहितको प्रतिवेदन २ महिना भित्रमा दिनका लागि देहाय बमोजिमको एक कार्यदल गठन गर्ने निर्णय गरियो ।

- श्री डिल्ली प्रसाद शर्मा उपाध्याय, वडाध्यक्ष वडा नं.१२ - संयोजक
- श्री नारायण प्रसाद पुन, वडाध्यक्ष, वडा नं. १३ - सदस्य
- श्री गंगादत्त पौडेल, वडासदस्य, एवं संयोजक सुशासन समिति - सदस्य
- श्री लाल बहादुर गुरुङ्ग, वडासदस्य एवं संयोजक लेखा समिति - सदस्य
- श्री झबिन्द्र थापा, वडासदस्य - सदस्य
- श्री अध्यक्ष, जितेश्वरी वन उपभोक्ता समिति - पदेन सदस्य
- श्री अध्यक्ष, चारपाला सामुदायिक वन उपभोक्ता समिति - पदेन सदस्य
- ई. श्री गौतम रौनियार, निर्देशक, पूर्वाधार विकास महाशाखा - सदस्य
- ई. श्री योगेश चापागाई, शाखा प्रमुख, अधिकृतस्तर छैटौ तह (प्रा) - सदस्य
- श्री ठगिश्वर पोखरेल, शाखा अधिकृत, अधिकृतस्तर छैटौ तह - सचिव

**प्रस्ताव नं. १४.७.६**

कार्यदल गठन सम्बन्धमा ।

**निर्णय नं.१४.७.६**

यस बुटवल उपमहानगरपालिका क्षेत्रभित्र अव्यवस्थित बसोबासीहरुको संख्या अत्यधिक बढी रहेको छ । उक्त बस्तीहरुमा पनि मानवीय हिसाबले अत्यावश्यक सेवा लगायतका अन्य भौतिक एवं पूर्वाधारका कार्यक्रमहरु समेत संचालन एवं कार्यान्वयन गर्नुपर्ने र तँहाको बस्तीलाई पनि करको दायरामा ल्याई विकास निर्माणका कार्यहरुमा सहभागी गराउन उपयुक्त र आवश्यक हुने ठानिएको हुँदा समग्र नगर भित्रका उल्लेखित प्रकृतिका बस्तीहरुको स्थलगत अध्ययन गरी के कसरी कस्तो करको दायरामा ल्याउन सकिन्छ सुझाव सहितको प्रतिवेदन २ महिना भित्रमा दिने गरी देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

- श्री रामचन्द्र क्षेत्री, वडाध्यक्ष, वडा नं. ११ - संयोजक
- श्री सुनिल शाक्य, वडाध्यक्ष, वडा नं २ - सदस्य
- श्री नारायण प्रसाद पुन, वडाध्यक्ष, वडा नं. १३ - सदस्य
- श्री दधिराम न्यौपाने, वडाध्यक्ष, वडा नं.१४ - सदस्य
- श्री राम प्रसाद पन्थी, शाखा अधिकृत - सचिव

**प्रस्ताव नं. १४.७.७**

छाडा चौपायां व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं. १४.७.७**

बुटवल उपमहानगरपालिका क्षेत्रभित्रका सडकहरुमा यत्रतत्र छाडा चौपायाहरु हिड्डुल गर्दा ट्राफिक व्यवस्थापन र यातायातको आवागमनमा बाधा पुग्न गई सवारी दुर्घटना हुने गरेको हुँदा मिति २०८०।१२।९ गते बिहान ७ बजे देखि चैत्र महिना भरी वडाध्यक्ष, कार्यपालिकाका सदस्य, सरोकारवाला पक्ष, संघसंस्थाहरु, क्लबहरु, नेपाल आर्मी, शसस्त्र प्रहरी र जनपथ प्रहरी समेतसंग समन्वय, सहजिकरण र आवश्यक सहयोग लिने गरी छाडा चौपाया व्यवस्थापन अभियान संचालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१४.७.८**

सुझाव लेखी पठाउने सम्बन्धमा ।

**निर्णय नं. १४.७.८**

लुम्बिनी प्रदेश सरकारले स्थानीय सेवाको गठन, संचालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा वेवसाइट मार्फत सार्वजनिक गरी सुझाव माग गरेको हुँदा यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा हाल कार्यरत कर्मचारीहरुको लागि उल्लेखित मस्यौदामा देहाय बमोजिमका सुझावहरु समावेश गरी ऐन संशोधन हुन अनुरोध गरी पठाउने निर्णय गरियो ।

स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयकको मस्यौदा राय/प्रतिक्रिया/सुझाव

| सि.नं. | दफा/उप दफा | विधेयकको मस्यौदामा भएको मैजुदा व्यवस्था | विधेयकको मस्यौदामा हुनुपर्ने व्यवस्था (संशोधन/थप/घट) | संशोधन हुनुपर्ने कारण र औचित्य |
|---|---|---|---|---|
| १ | २ | (ण) स्थानीय तह | (ण) स्थानीय सरकार | संविधानको मर्म बमोजिम नाम मिलान गर्न |
| २ | ४ | (१) स्थानीय सेवाको तह | (१) मा थप गर्नुपर्ने : अधिकृत तह १२ औ सम्म रहने | २०७५ सालदेखी स्थानीय तहमा दशौं तहको कर्मचारी कार्यरत रहेको हुंदा वृत्ति विकासमा हुने अवरोध हटाउन। |
| ३ | ७ (२) | यो ऐन प्रारम्भ हुनुअघि कुनै स्थानीय तहको सेवामा लोकसेवा आयोग वा प्रदेश लाकसेवा आयोगबाट खुला प्रतियोगिताबाट सिफारिस भई स्थानीय सेवाको छैठौं तहमा नियुक्ति भई कार्यरत कर्मचारीलाई यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र सातौं तहमा तह बृद्धि गरिनेछ र यसरी तहबृद्धि भएको पदको ज्येष्ठताको गणना छैटौं तहमा पद वहाल भएको मिति देखि गरिनेछ। | यो ऐन प्रारम्भ हुनुअघि कुनै स्थानीय तहको सेवामा लोकसेवा आयोग वा प्रदेश लोकसेवा आयोगबाट खुला प्रतियोगिताबाट सिफारिस भई स्थानीय सेवाको छैटौं तहमा नियुक्त भई कार्यरत कर्मचारीहरुको सातौ तहमा तह मिलान, **समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका र साविक स्थानीय निकायका हाल अधिकृत छैठौं तहमा कार्यरत कर्मचारीहरुलाई समेत** ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र सातौं तहमा तह बृद्धि गरिनेछ र यसरी तह मिलान/तहबृद्धि भएको पदको जेष्ठताको गणना छैटौं तहमा पद वहाल भएको मिति देखि लागु हुनेछ। | नेपाल सरकार मन्त्रिपरिषदको २०७६ जेष्ठ ६ को निर्णय कार्यान्वयनका लागी तथा समान तहमा कार्यरत कर्मचारीहरुको समान अवसरको लागि साथै स्थानीय स्वायत्त शासन नियमावली २०५६ बमोजिम नियुक्त कर्मचारीहरुको वृत्ति विकासका लागि |
| ४ | १० | सातौं तह पदपूर्ति तालिका घ मा खुल्ला ५० प्रतिशत, अन्तर तह प्रतियोगिता १० प्रतिशत, कार्यक्षमता मुल्याकंन २० प्रतिशत जेष्ठता र | (घ) मा संशोधनः छैटौं तहबाट सातौ तहमा पदपुर्ति गर्दा ४० प्रतिशत खुल्ला, १० प्रतिसत अन्तरतह प्रतियोगिता, २० प्रतिशत काक्षमु र ३० प्रतिशत ज्येस्ठता र कासमुबाट | कार्यरत कर्मचारीहरुलाई बृत्ति विकासको अवसर सुनिश्चित गर्न |

| सि.नं. | दफा/उप दफा | विधेयकको मस्यौदामा भएको मैजुदा व्यवस्था | विधेयकको मस्यौदामा हुनुपर्ने व्यवस्था (संशोधन/थप/घट) | संशोधन हुनुपर्ने कारण र औचित्य |
|---|---|---|---|---|
| | | कार्य सम्पादन मुल्याकन २० प्रतिशत | बढुवा हुने व्यवस्था संशोधन गर्नुपर्ने । | |
| ५ | १० | नवौ तहमा पदपुर्ति च मा तहबृद्धिका लागि खुला १० प्रतिशत, अन्तरतह प्रतियोगिता १० प्रतिशत, आन्तरिक सेवा प्रतियोगितात्मक परिक्षा १० प्रतिशत, कार्यक्षमता मुल्याकन ३५ प्रतिशत, ज्येष्ठता र कार्यसम्पादन मुल्याकन ३५ प्रतिशत | (च) मा संशोधन: आठौ तहबाट नवौं तहमा पदपुर्ति गर्दा १० प्रतिशत खुल्ला, १० प्रतिसत, आन्तरिक सेवा प्रतियोगितात्मक परिक्षा १० प्रतिशत, अन्तरतह प्रतियोगिता, ३० प्रतिशत काक्षमु र ४० प्रतिशत ज्येस्ठता र कासमुबाट बढुवा हुने व्यवस्था संशोधन गर्नुपर्ने । | कार्यरत कर्मचारीहरुलाई बृत्ति विकासको अवसर सुनिश्चित गर्न |
| ६ | १० | उपदफा (१३) क सहायक पाचौं तहको कम्प्युटर अपरेटर पद र सहायक चौथो तहको सहायक कम्प्युटर अपरेटर पद स्थायी पद पदपूर्ति गरिने छैन । | उपदफा (१३) (क) सहायक पाचौं तहको कम्प्युटर अपरेटर पद र सहायक चौथो तहको सहायक कम्प्युटर अपरेटर पद स्थायी पद पदपूर्ति गरिने छैन । तर सो पदमा कार्यरत कर्मचारीलाई स्थानीय सेवाका अन्य स्थायी कर्मचारी सरहको तहबृद्धिमा बाधा पर्ने छैन । | कार्यरत कर्मचारीहरुलाई बृत्ति विकासको अवसर सुनिश्चित गर्न |
| ७ | १० | पदपूर्ति सम्बन्धी | (१) मा थप गर्नुपर्ने : अधिकृत तह १२ औ | २०७५ सालदेखी स्थानीय तहमा दशौं तहको कर्मचारी कार्यरत रहेको हुंदा वृत्ति विकासमा हुने अवरोध हटाउन । |
| ८ | १० | उपदफा १४ (क) थप | उपदफा १४ (क) थप : स्थानीय सेवामा स्थायी रुपमा १५ वर्षदेखि लगातार सेवा गरिरहेका कार्यालय सहयोगीहरु शैक्षिक योग्यताका आधारमा एक पटकका लागि स्वतह सहायक स्तर चौथो तहमा तहबृद्धि हुनेछ । यसर तहबृद्धि हुंदा स्वतह दरबन्दी सृजना हुनेछ । | लामो समयदेखि एउटै पदमा कार्यरत, शैक्षिक योग्यता र कार्यक्षमता भएका कर्मचारीहरुको वृत्ति विकासका लागि |
| ९ | १२ | पदपूर्ति सम्बन्धि विशेष व्यवस्था: | स्थानीय वासिन्दालाई निश्चित प्रतिशत सुनिश्चित गर्ने | |
| १० | १७ | ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाईने | उपदफा (३) थप गर्नुपर्ने : यो ऐन प्रारम्भ हुँदाका वखत कार्यरत ज्यालादारी तथा करार कर्मचारीहरुको कार्य सम्पादनका आधारमा सेवा निरन्तरता गर्न बाधा पुगेको मानिने छैन ।<br>उपदफा (४) यस दफामा अन्यत्र जुसुकै लेखिएको भए तापनि स्थानीय तहलाई आवश्यक पर्ने विशेषज्ञहरुलाई सेवा करारमा लिन बाधा पुगेको मानिने छैन । | स्थानीय सरकारको सेवा प्रवाहलाई चुस्त दुरुस्त र नागरिकमैत्री बनाउन का लागि मानव श्रोत व्यवस्थापनमा बञ्चित नगराउने (प्रदेश लोक सेवाबाट कुनै पदका |

| सि.नं | दफा/उप दफा | विधेयकको मस्यौदामा भएको मेजुदा व्यवस्था | विधेयकको मस्यौदामा हुनुपर्ने व्यवस्था (संशोधन/थप/घट) | औचित्य |
|---|---|---|---|---|
| | | | | लागि कर्मचारी नियुक्त हुन न्यूनतम ६ महिना लाग्ने हुदा तत्काल कर्मचारी व्यवस्थापन गर्ने प्रयोजन) साथै कार्यरत कर्मचारीहरुको रोजगारीलाई सुरक्षित बनाउन । |
| ११ | २६ | उपदफा (१) स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको पद प्रदेश निजामती सेवाको हुनेछ ।<br><br>(२) मन्त्रालयले प्रदेश निजामती सेवा अर्न्तगत प्रदेश प्रशासन सेवा, सामान्य प्रशासन समुहको कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको पदमा खटाउने छ । | उपदफा (१) स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको पद (स्थानीय सेवाको सहसचिव, उपसचिव वा शाखा अधिकृतबाट) सम्बन्धित कार्यापालिकाबाट नियुक्ति हुनेछ ।<br>(२) मन्त्रालयले प्रदेश निजामती सेवा अर्न्तगत प्रदेश प्रशासन सेवा, कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको पदमा खटाउने छ ।<br><br>(३) प्रमुख प्रशासकीय अधिकृत लगातार २ महिना भन्दा बढी समय सम्म नतोकिएमा स्थानीय सरकारले नियम बमोजिम न्यूनतम एक बर्षका लागि प्रमुख प्रशासकीय अधिकृत तोक्न सक्नेछ । | सम्बन्धित सेवाको कार्यालय प्रमुख हुँदा कानून सम्मत हुने भएकोले ।<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम अत्यावश्यक सेवाहरु स्थानीय सरकारले सम्पादन गर्नु पर्ने र त्यसको कुनै बैकल्पिक व्यवस्था नभएकोले प्रमुख प्रशासकीय अधिकृतको पद आर्थिक अख्तियारी नहुदा नगरवासीलाइ ठुलो असर पर्नै र त्यसको जवाफ देयिता स्थानीय सरकारले लिनु |

| सि.नं. | दफा/उप दफा | विधेयकको मस्यौदामा भएको मैजुदा व्यवस्था | विधेयकको मस्यौदामा हुनुपर्ने व्यवस्था (संशोधन/थप/घट) | संशोधन हुनुपर्ने कारण र औचित्य |
|---|---|---|---|---|
| | | | | पर्ने भएको हुदा। |
| १२ | २७ | (२) उपदफा (१) बमोजिमको निमित्त प्रमुख प्रशासकीय अधिकृतलाई आर्थिक बाहेकको अन्य दैनिक प्रशासनिक कार्य गर्ने अधिकार हुने छ। | (२) उपदफा (१) बमोजिमको निमित्त प्रमुख प्रशासकीय अधिकृतलाई आर्थिक सहितको अन्य दैनिक प्रशासनिक कार्य गर्ने अधिकार हुने छ। तर निमित्त भई कार्य गर्ने अवधि २ महिना भन्दा बढी हुने छैन। | संविधान ऐन,स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ (७) मा रहेको कानूनी व्यवस्था अनुसार कार्य उपयुक्त हुने हुँदा। |
| १३ | २९ (२) | उपदफा १ बमोजिम सरुवा गर्दा स्थानीय तहको दोहोरो सहमतिमा एक पटकमा सम्बन्धित स्थानीय तहको दरबन्दीको सत्तरी प्रतिशत कर्मचारी कायम राखी सरुवा गर्नु पर्नेछ। | उपदफा १ बमोजिम सरुवा गर्दा सम्बन्धित स्थानीय तहको कुल दरबन्दीको एक पटकमा सत्तरी प्रतिशत कर्मचारी कायम राखी सरुवा गर्नु पर्नेछ। | सरुवालाइ नियमित र अनुमान योग्य बनाउन। |
| १४ | ३१ | उपदफा (१) तहबृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा पाँच वर्षको सेवा अवधि पुरा भएका, पछिल्लो ५ वर्षको कार्यसम्पादन मूल्याकनमा औसत पन्चानब्बे प्रतिसत अंक प्राप्त गरेका ....।, | उपदफा (१) संशोधन : पछिल्लो ३ वर्षको कार्यसम्पादन मूल्याकनमा औसत ९० प्रतिसत अंक प्राप्त गरेका | मूल्याकन प्रक्रियालाई व्यवहारिक बनाउन |
| १५ | ३८ | भौगोलिक क्षेत्रको वर्गिकरण: | पुरै हटाउने | पालिकामा व्यवहारिक नदेखिएको। |
| १६ | ४२(२)(ग) | (ग) भौगोलिक क्षेत्रमा काम गरेवापत पन्ध्र अङ्क | पुरै हटाउने | पालिकामा व्यवहारिक नदेखिएको। |
| १७ | ४५ | भौगोलिक क्षेत्रको विभाजन: | पुरै हटाउने | पालिकामा व्यबहारिक नदेखिएको। |
| १८ | नयाँ | | महिनावारी (पिरियड्स) विदा: महिला कर्मचारीले चाहेमा महिनाका एक दिन महिनावारी (पिरियड्स) विदा पाउनेछ। | प्रदेश कानुन सँग मिल्ने गरी |
| १९ | ५४ | उपदफा (४) कर्मचारीले आफुले पकाएको घर बिदा एक सय असी दिन सम्म सञ्चित गरि राख्न पाउनेछ। | उपदफा (४) कर्मचारीले आफुले पकाएको पुरै घर बिदा सञ्चित गरि राख्न पाउनेछ। | |
| २० | ७६ | उपदफा (१) (क) अधिकृतस्तर भन्दा माथिको | (क) मा संशोधन: अधिकृतस्तर भन्दा माथिको कर्मचारी भए | खर्चिलो उपचार पद्धति |

| सि.नं. | दफा/उप दफा | विधेयकको मस्यौदामा भएको मैजुदा व्यवस्था | विधेयकको मस्यौदामा हुनुपर्ने व्यवस्था (संशोधन/थप/घट) | संशोधन हुनुपर्ने कारण र औचित्य |
|---|---|---|---|---|
| | | कर्मचारी भए १२ महिना बराबरको<br>(ख) सहायकस्तर र श्रेणी विहिन कर्मचारी भए २१ महिना बराबरको | १८ महिना बराबरको<br>(ख) मा संशोधन: सहायकस्तर र श्रेणी विहिन कर्मचारी भए २४ महिना बराबरको | भएकोले समय सान्दर्भिक कर्मचारीलाई सुविधा प्रदान गर्न |
| २१ | ७७ | विशेष आर्थिक सुविधा: कुनै कर्मचारी सेवामा छदै मृत्यु भएमा निजको परिवारलाई एकमुष्ठ रु एक लाख पचास हजार विशेष आर्थिक सुविधा प्रदान गरिनेछ । | विशेष आर्थिक सुविधा: कुनै कर्मचारी सेवामा छदै मृत्यु भएमा निजको परिवारलाई एकमुष्ठ रु बिस लाख विशेष आर्थिक सुविधा प्रदान गरिनेछ । | |
| २२ | ८० | उपदफा (१) अन्ठाउन्न वर्ष उमेर पुरा भएपछि कर्मचारीले स्थानीय सेवाबाट अनिवार्य अवकास पाउनेछ । | (१) मा संशोधन: ६० वर्ष उमेर पुरा भए पछि कर्मचारीले स्थानीय सेवाबाट अनिवार्य अवकास पाउनेछ । | प्रस्तावित संघीय ऐन र अन्य प्रदेशबाट स्वीकृत ऐन बमोजिम बनाउन |
| २३ | ८२ | असमर्थ कर्मचारी सम्बन्धि विशेष व्यवस्था: कुनै कर्मचारी शारिरिक वा मानशिक रोगको कारणबाट नियमिति रुपमा सेवा गर्न असमर्थ छ भनी नेपाल सरकार वा प्रदेश सरकारले गठन गरेको मेडिकल बोर्डबाट प्रमाणित भइ आएमा सम्बन्धित स्थानीय तहले निजलाई निजको सेवा अवधिमा बढीमा सात बर्ष सेवा अवधि थप गरी अवकास दिन सक्नेछ । | असमर्थ कर्मचारी सम्बन्धि विशेष व्यवस्था: कुनै कर्मचारी शारिरिक वा मानशिक रोगको कारणबाट नियमिति रुपमा सेवा गर्न असमर्थ छ भनी नेपाल सरकार वा प्रदेश सरकारले गठन गरेको मेडिकल बोर्डबाट प्रमाणित भइ आएमा सम्बन्धित स्थानीय तहले निजलाई निजको सेवा अवधिमा बढीमा दश बर्ष सेवा अवधि थप गरी अवकास दिन र रु दश लाख थप रकम दिन सक्नेछ । | |
| २४ | ८४ | कर्मचारीले प्रत्येक वर्षको अन्त्यमा तोकिए बमोजिम पोसाक सुविधा वापता एकमुष्ट पाउनेछ । | संशोधन : कर्मचारीले प्राप्त गर्ने पोसाक सुविधा कर्मचारीले मनाउने मूख्य चाडपर्वको अवसरमा एकमुष्ट रकम पाउनेछ । | |
| २५ | ८६ | उपदान | उपदफा १ मा थप गर्ने : (घ) २० वर्ष भन्दा बढी २५ वर्ष भन्दा कम सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी अढाइ महिनाको तलब<br>(ङ) २५ वर्ष भन्दा बढी ३० वर्षभन्दा कम सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी तीन महिनाको तलब<br>(च) ३० वर्षभन्दा बढी सेवा गरेकोमा काम गरेको प्रत्येक | निवृत्तिभरण प्राप्त नगर्ने कर्मचारीहरुलाई न्यायोचित सुविधा उपलब्ध गराउन । |

| सि.नं. | दफा/उप दफा | विधेयकको मस्यौदामा भएको मैजुदा व्यवस्था | विधेयकको मस्यौदामा हुनुपर्ने व्यवस्था (संशोधन/थप/घट) | संशोधन हुनुपर्ने कारण र औचित्य |
|---|---|---|---|---|
| | | | वर्षको निमित्त आखिरी चार महिनाको तलब<br>उपदफा ३ मा थपगर्ने : यो ऐन प्रारम्भ हुनुभन्दा अघि साविक स्थानीय निकायहरुमा कार्यरत कर्मचारीहरुलाई स्थानीय तहहरुबाट स्वीकृत ऐन, कानून बमोजिम खाईपाई आएको उपदान सुविधामा कम गरिने छैन । | |
| २६ | ८९ | पारिवारिक निवृत्तिभरण र उपदान | उपदफा (९) थप: निवृत्तिभरण प्राप्त नगर्ने स्थानीय सेवाका स्थायी कर्मचारीहरुले सेवामा हुँदै वा सेवा निवृत्त भएको ७ वर्षभित्र मृत्यु भएमा निज मृतक कर्मचारीको पति वा पत्नी वा नावालिग सन्ततिलाई निज कर्मचारीलाई उपलब्ध भएको/हुने उपदान रकमको १० प्रतिशतले हुने रकम एकमुष्ट रुपमा पारिवारिक निवृत्तिभरण उपलब्ध गराईने छ । | निवृत्तिभरण प्राप्त गर्ने कर्मचारीले प्राप्त गर्ने सरहको सुविधमा उपलब्ध गराउन |
| २७ | १४४ | सेवा अवधि जोडिने: | | |
| २८ | १५७ | उपदफा (१)स्थानीय सरकार संचालन ऐन, २०७४ जारी भए पश्चात लोकसेवा आयोग वा आयोगको परामर्श नलिई स्थानीय तहबाट जारी भएका स्थानीय सेवाका कर्मचारीको सेवाको शर्त, सुरक्षा र सुविधा सम्बन्धी ऐन तथा सो बमोजिम भएका स्थानीय बढुवा सम्बन्धि कार्य खारेज गरिएको छ । | उपदफा (१) स्थानीय सरकार संचालन ऐन, २०७४ जारी भए पश्चात स्थानीय तहबाट जारी भएका साविक कार्यविधि निर्देशिका र स्थानीय सरकार ऐन, २०७४ दफा ८६ (२) बमोजिम बनेका कानून बमोजिम प्राप्त गरेका स्थानीय निकायका कर्मचारीको सेवाको शर्त, सुरक्षा र सुविधा सम्बन्धी ऐन बमोजिम भएका कामकारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ । | संविधान प्रदत्त अधिकार र संघीयताको मर्म बमोजिम स्थानीय सरकारले तत्काल प्राप्त अधिकार बमोजिम कानून बनाई भए गरेका कार्य सुनिश्चित गर्न मनासिव हुँदा । |

**प्रस्ताव नं. १४.७.९**

सुधार सम्बन्धमा ।

**निर्णय नं. १४.७.९**

मिति २०८०।११।२७ मा बसेको नगरकार्यपालिकाको तेह्रौ बैठकको निर्णय नं. १३.८ को बुदा नं.१३ मा गंगा ज्ञवाली बुटवल -१२ हुनुपर्नेमा अन्यथा भएको हुँदा संशोधन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १४.७.९**

संशोधन सम्बन्धमा ।

**निर्णय नं. १४.७.९**

मिति २०८०।९।१३ मा बसेको बुटवल उपमहानगरपालिकाको नगरसभाको चौधौ अधिवेशनको दोस्रो बैठकको समसामयिक एवं विविध निर्णयको निर्णय नं.१४.२.८ को (च) मा स्वीकृत कार्यक्रमहरु मध्येका आयोजनाहरु विविध कारणले कार्यान्वयन हुन सम्भव नदेखिएको हुँदा विभिन्न शीर्षकहरुमा विनियोजित रकमलाई आवश्यक शीर्षकहरुमा विनियोजन गरी शीर्षकान्तर एवं रकमान्तर गर्ने र चालु आ.व.को लागि स्वीकृत बजेट तथा कार्यक्रम अर्न्तगत स्वीकृत बजेटलाई देहाय बमोजिम हुने गरी बाँडफाँट गर्ने र आवश्यकता र औचित्यताको आधारमा (भौतिक निर्माण तर्फको हकमा बाहेक) प्रस्ताव हुने प्रस्ताव मनासिव भएमा स्वीकृत गरेर मात्र कार्यान्वयन प्रकिया अगाडि बढाउने भनी निर्णय भएको । सि.नं.१२४ खर्च शीर्षक ३१११११ मा गौतम बुद्ध समता समावेशी समाज छात्राबास निर्माण वडा नं.१७ भएको हुँदा सो लाई संशोधन गरी वडा नं.१२ कायम गर्ने र उल्लेखित योजनाको सम्झौताका लागि मिति २०८० चैत्र २० गते सम्म म्याद थप गर्ने र सो विषय अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदैं प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।